नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

मानभवन

पत्र संख्या
चलानी नं.:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः २०८०।०७।०१

## गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि अवलम्वन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातहरु सम्बन्धी सूचनाः

१. गैर आवासीय नेपालीले साविकमा नेपाली नागरिकता लिएको तर उक्त नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकता प्रमाणपत्र, बिदेशी मुलुकको नागरिकता भएको प्रमाण र राहदानी सहित प्रतिलिपि शाखा (कोठा नं.१६)मा नागरिकता परित्यागको प्रक्रियाका लागि अनुसूची-९ को फाराम भरी सम्पर्क गर्नुपर्नेछ।

२. गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र लिने व्यक्तिले नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट कानून बमोजिम नेपाली नागरिकता त्याग गरेको निस्सा लिएको हुनुपर्नेछ।

३. गैर आवासीय नेपाली नागरिकता प्राप्तीको लागि देहायका कागजातहरु सहित यस कार्यालयको नागरिकता शाखा (कोठा नं.१३) मा सम्पर्क गर्नुपर्नेछः

- क. अनूसूची ८.ग बमोजिम सम्बन्धित वडाको सिफारिस पत्र सहितको आवेदन,
- ख. अनुसूची ८.घ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ८.च बमोजिमको सपथ,
- ग. साविकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाणको सक्कल र प्रतिलिपि,
- घ. विदेशी मुलुकको नागरिक भएको र राहदानी भएको प्रमाणको सक्कल र प्रतिलिपि,
- ङ. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेका प्रमाण,
- च. निवेदकको नाताभित्रको नातेदारको नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ। यदि नजिकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिनेछ।
- छ. जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप विवरण बुझ्न सक्नेछ।

४. गैर आवासीय नेपालीले आफु नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली दुतावास वा महावाणिज्य दुतावासमा निवेदन दिई नेपाली नागरिकता परित्याग गर्न सक्ने छन्।

२०८०/०६/०२
अमर दिप सुनुवार
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी